# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बङ्गाँडा ,प्यूठान
## ५ नं प्रदेश नेपाल

प.स : ०७७।०७८
च.नं:

मिति:२०७७।०४।०६

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा प्यूठान ५ नं. प्रदेश, नेपाल २०७३

**बिषय न्यूनतम रोजगारीमा संलग्न हुनको लागी निबेदन दिने सम्बन्धमा ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावलीको नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रीपरीषद) को तत्कालिन राहत सम्बन्धि मिति २०७७।०१।१४ को निर्णय समेतको आधारमा यस आर्थिक वर्ष २०७७।०७८ का लागि यस सरुमारानी गा.पा.को रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखि ५९ वर्ष सम्माका बेरोजगार व्यक्तिहरुले यही २०७७ श्रावण ८ देखि २०७७ भाद्र ७ सम्म आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को अनुसूची १ बमोजिम पूर्ण विवरण उपलब्ध नभएको खण्डमा निवेदन अस्वीकृत हुने बेहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

आवश्यक कागजातहरु

- प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को अनुसूची १ बमोजिमको निवेदनको ढाँचा । (रोजगार सेवा केन्द्र,वडा कार्यालय अथवा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।)
- नागरिकताको फोटोकपी ।
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपि, सीपको प्रमाणपत्रको फोटोकपि
- अनुभवको प्रमाणपत्रको फोटोपपि
- परिवारका सम्पूर्ण सदस्यको निबेदक सँगको नाता, नागरिता नं., जारी मिति, जारि जिल्ला

७७।०४।०६

अमर बहादुर घर्ती

प्रमुख प्रशासकिय अधिकृत

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत